पत्र संख्या : ०८१।८२
चलानी नम्बर :

## बाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुको प्रस्तावना आह्वान सम्बन्धि सूचना !

**प्रथम पटक प्रकाशित मिति २०८१।०९।१९ गते**

यस वाणगंगा नगरपालिका, कृषि विकास शाखा कपिलवस्तुको आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम मध्ये तपसिल अनुसारको कार्यक्रमहरु संचालनको लागि सूचना प्रकाशन गरी प्रस्तावना छनौट गर्नु पर्ने भएकोले इच्छुक कृषक, कृषक समूह/कृषि सहकारी संस्था तथा कृषि फर्महरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/१०/०४ गते) भित्र बाणगंगा नगरपालिका,कृषि विकास शाखामा निर्धारित ढाँचा अनुसारको प्रस्ताव पेश गर्नु हुन यसै सूचना द्धारा जानकारी गराइन्छ ।

**कार्यक्रमहरु**

| क्र.सं | कार्यक्रमको नाम | मापदण्ड | अनुदान सीमा | कैफियत |
|---|---|---|---|---|
| १ | १. पचास प्रतिशत अनुदानमा मागमा आधारित व्यवसायिक कृषि कार्यक्रम | १. एकै ठाउमा ब्यवसायिक रुपमा कम्तिमा तरकारी- ५ कठ्ठा, फलफूल- ५ कठ्ठा, च्याउ-५०० वल्व, वीउ उत्पादन-३० कठ्ठा, पुष्प -२ कठ्ठा, नर्सरी-१ कठ्ठा हुनु पर्ने । | १ प्रस्तावना अनुसार बढिमा रु. एक लाख वा पचास प्रतिशत अनुदान उपलब्ध हुने । | सबै वडाबाट प्रस्तावना पेश गर्न सकिने । |
| २ | एक घर एक करेसावारी एक वडा एक नर्सरी कार्यक्रम | १. करेसावारीको लागि कम्तिमा १० धुर र नर्सरीको लागि कम्तिमा १ कठ्ठा जग्गा हुनु पर्ने ।<br>२. करेसावारीको लागि जग्गा घरको नजिक र एकै ठाउमा हुनु पर्ने | १.करेसावारीको लागि बढिमा रु. पाच हजार उपलब्ध हुने ।<br>२. नर्सरीको लागि बढिमा रु. पचास हजार वा पचास प्रतिशत अनुदान उपलब्ध हुने । | नर्सरीको लागि सबै वडा र करेसावारीको लागि वडानं २, ४ र ९ बाट मात्र प्रस्तावना पेश गर्न सकिने । |

**सम्लग्न गर्नुपर्ने आवस्यक कागजातहरु:**

१. कृषक समूह/कृषि सहकारी/कृषि फर्म २०८१ मंसिर मसान्त भित्र दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण/सुचिकृत भएको) ।
२. कृषक समूह/ कृषि सहकारीको कार्यक्रम मागको निर्णयको प्रतिलिपी ।
३. वडा कार्यालयको सिफारिस पत्र ।
४. कृषक समूह/ सहकारी संस्था/ कृषिको करचुक्ता प्रविवेदनको प्रतिलिपी ।
५.कार्यक्रम संचालन हुने स्थान (जग्गा) को लालपुर्जाको प्रतिलिपी (भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र) ।
६. छुट्टा छुट्टै कार्यक्रमको लागि छुट्टा छुट्टै निवेदन ।
७. कृषक समूह/कृषि सहकारी/कृषि फर्मको कार्यालय भवनमा राखिएको साईनबोर्डको फोटो ।
८. कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वियन कार्यविधि,२०७८ (शंशोधन-२०८१) को अनुसूची-२ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी पेश गर्नु पर्ने ।
९. सि. नं. २ को करेसावारीको लागि ब्यक्तिगत रुपमा मात्र माग गर्न सकिने यसको लागि नागरिकताको प्रतिलिपी र लालपुर्जाको प्रतिलीपी पेश गर्नु पर्ने ।

**नोट:-** कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७८ यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।
सम्पर्क नम्वर-९८४१३५२७४७/९८४७०५२९५४